# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं ज्येष्ठ २२ गते २०३० साल

श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले हवाई विभाग अन्तर्गत निर्माण हुने साउथ लोकेटर भवनको लागि वाग्मती अञ्चल, ललितपुर जिल्ला ठेचो पञ्चायत वडा नं. ८ (क) मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी वापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व गोरेटो, पश्चिम कि. नं. ९२,९३,१०२ को जग्गा, उत्तर गोरेटो भएको आलि, दक्षिण बाटो, यति चार किल्लाभित्रको कि.नं. १०३,१०४,१०५,१०६,१०७,१०८,१०९,११०, १११,११२,११३,११४,११५,११६,११७,११८,११९,१२०,१२१,१२२,१२३, १२४, १२५, र १२६ को जम्मा जग्गा रोपनी २४–१३–२ (चौविस रोपनी तेह्र आना दुइ पैसा) को जम्मा मालपोत रू. ९७।३८ (सन्तानव्ये रूपैयां अठतिस पैसा) लाग्ने कित्ता ।

आज्ञाले–
रामचन्द्र मलहोत्र
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

995

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।